स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

**सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८०/१२/२०**

यस गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र अर्थात २०८१/०१/०४ गते सम्म माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा दरखास्त आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र.स. | विज्ञापन नं. | पद/तह | माग संख्या | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|
| १ | १३-०८०/८१ | प्राविधिक सहायक (पाँचौं) | १ (एक) | ५००/- |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
 क. सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको।
 ख. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
 ग. कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको।
 घ. पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिइनेछ।
 ग. कामको अनुभव खुलेको कागजातहरुको प्रमाणित प्रतिलिपि (आवश्यक परेमा)।

२. **दस्तुर बुझाउने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडमा रहेको **हेलम्बु गा.पा. आन्तरिक राजस्व खाता ग.१.१** (खाता नं **17001400000079**) मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ।

३. **दरखास्त फारम पाइने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको वेवसाइट ***https://helambumun.gov.np/sample-forms*** वा गाउँ कार्यपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ।

४. **दरखास्त दिने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय, हेलम्बु, सिन्धुपाल्चोक वा ***helamburm@gmail.com*** मा पनि पठाउन सकिने छ।

५. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजको प्रतिलिपिहरुः
 क) नागरिकता
 ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
 ग) चारित्रिक प्रमाणपत्र
 घ) तालिमको प्रमाणपत्र
 ङ) अनुभव भए सोको कागजात
 च) २ प्रति पासपोर्ट फोटो

६. **दरखास्त दिने अन्तिम मितिः** २०८१/०१/०४ गते कार्यालय समयभित्र।(दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन।)

७. **परिक्षा मितिः** संक्षिप्त सूची (Short List) प्रकाशित गर्दा जानकारी गराईनेछ।

८. **छनौटको तरिकाः**
 प्रारम्भिक योग्यताक्रमको सुचीबाट छनौट भएका उम्मेदवारहरुको लिखित, प्रयोगात्मक र अन्तर्वार्ता लिई अन्तिम योग्यताक्रमको सूची प्रकाशन गरिने छ।

९. **सेवा, सुविधा तथा अन्यः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।(आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायतका पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय, गाउँपालिकाको वेभसाइटबाट उपलब्ध हुनेछ।)

*(पुनश्चः थप जानकारीका लागि सम्पर्कः प्रशासन शाखाः- ९८६०९९७२५५, ९८४१९१२६०२)*

राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत